# नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## उत्कृष्ट विद्यालय छनौट सम्बन्धी सूचना

४० औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा राष्ट्रियस्तरमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) मा उत्कृष्ट सामुदायिक एवम् संस्थागत विद्यालयमध्ये प्रथम, द्वितीय र तृतीय तथा राष्ट्रियस्तरमा माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) मा उत्कृष्ट सामुदायिक एवम् संस्थागत तर्फ प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यालयलाई शिल्ड, ध्वजा, नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्न देहायका स्वीकृत मापदण्डका आधारबाट तपसील बमोजिमका विद्यालयहरु छनौट गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । यस उपर कसैको दावी विरोध भएमा सप्रमाण सहित मिति २०७६।०५।१७ गते कार्यालय समयभित्र यस मन्त्रालयको विद्यालय शिक्षा शाखामा निवेदन दिन सकिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**विद्यालय छनौटका मापदण्डहरु**

१. (क) माध्यमिक शिक्षा परीक्षा कक्षा १० को परीक्षाफलमा आधारित अंक ............९०

$$\frac{\sum(\text{GPA} \times \text{No. of students obtaining GPA})}{(\text{Total No. of appeared students} \times 4)} \times \text{Weightage}$$

GPA = GPA obtained students

No. of studends obtaining GPA = No. of students obtaining similar GPA

Total No. of appeared students = Total No. of students appeared in SEE

(ख) कक्षा ९ को विद्यार्थी दर्ता (रजिष्ट्रेशन) मा आधारित अंक .......................१०

$$\frac{\text{माध्यमिक शिक्षा परीक्षामा समावेश गराएको विद्यार्थी संख्या}}{\text{कक्षा ९ मा दर्ता (रजिष्ट्रेशन) भएको विद्यार्थी संख्या}} \times १०$$

२. (क) माध्यमिक शिक्षा उतीर्ण परीक्षा कक्षा १२ को परीक्षाफलमा आधारित अंक ..............८५

$$\frac{\sum(\text{GPA} \times \text{No. of Students obtaining GPA})}{(\text{Total No. of appeared students} \times 4)} \times \text{Weightage}$$

GPA = GPA obtained students

No. of studends obtaining GPA = No. of students obtaining similar GPA

Total No. of appeared students = Total No. of students appeared in class 12

(ख) विद्यालयमा चलाइएको विषयक्षेत्र (Disciplines) .......................१५

पहिलो विषयक्षेत्रको लागि –१०

थप प्रत्येक विषयक्षेत्रको लागि १ अंकका हिसाबले बढीमा थप ५ विषय सम्म १ X५ = ५

**<u>छनौट भएका विद्यालयहरु :</u>**

**(१) माध्यमिक शिक्षा उतीर्ण परीक्षा (कक्षा १२)**

**(क) सामुदायिक विद्यालय तर्फ**

१) श्री अमरसिंह माध्यमिक विद्यालय, पोखरा कास्की (प्राप्ताङ्क ७७.८०) – प्रथम

२) श्री सुकुना माध्यमिक विद्यालय, इन्द्रपुर मोरङ (प्राप्ताङ्क ७६.११) – द्वितीय

३) श्री भवानी विद्यापीठ माध्यमिक विद्यालय, फलेबास पर्वत (प्राप्ताङ्क ७४.३८) – तृतीय

**ख) संस्थागत विद्यालय तर्फ**

१) श्री एस ओ एस हर्मन माइनर माध्यमिक विद्यालय, कास्की (प्राप्ताङ्क ९०.३६) – प्रथम

२) श्री नेपाल प्रहरी माध्यमिक विद्यालय, साँगा काभ्रेपलाञ्चोक (प्राप्ताङ्क ८७.९१) – द्वितीय

३) श्री सेन्ट जेभिएर्स कलेज, माइतीघर काठमाडौं (प्राप्ताङ्क ८७.५१) – तृतीय

**२) माध्यमिक शिक्षा परीक्षा (कक्षा १०)**

**क) सामुदायिक तर्फ**

१) श्री मेधा माध्यमिक विद्यालय, तेखापुखु भक्तपुर (प्राप्ताङ्क ९०.०१) – प्रथम

२) श्री रेसुङ्गा माध्यमिक विद्यालय तम्घास गुल्मी (प्राप्ताङ्क ८६.३४) – द्वितीय

३) श्री तरुण माध्यमिक विद्यालय बालाजु काठमाडौं (प्राप्ताङ्क ८६.३२) – तृतीय

**ख) संस्थागत विद्यालय तर्फ**

१) श्री रिलायन्स इन्टरनेशनल एकेडेमी कपन काठमाडौं (प्राप्ताङ्क ९३.६९) – प्रथम

२) श्री नेपाल प्रहरी माध्यमिक विद्यालय, साँगा काभ्रेपलाञ्चोक (प्राप्ताङ्क ९३.५८) –द्वितीय

३) श्री भ्याली भ्यू इङ्लिस स्कुल, नयाँ बानेश्वर काठमाडौं (प्राप्ताङ्क ९३.४५) – तृतीय